# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन
# सेरोफेरो
SEROPHERO

अंक २५-२०८१।०८२।०४ | २०८१ माघ - फाल्गुण

**Statement of patients flow for the month of Mangsir 2081**

| OPD | Total Reg | Follow up within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **2735** | **684** | **3419** |
| **SPECIAL OPD** | | | |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 3 | 1 | 4 |
| CARDIOLOGY | 1649 | 412 | 2061 |
| CTVS (CARDIOTHORACIC AND VASCULAR SURGERY) | 218 | 55 | 273 |
| DENTAL | 2285 | 571 | 2856 |
| DERMATOLOGY & VENEROLOGY | 3861 | 965 | 4826 |
| ENT/OTORHINOLARYNGOLOGY AND HEAD & NECK SURGERY | 2907 | 727 | 3634 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1322 | 331 | 1653 |
| INTERNAL MEDICINE | 7180 | 1795 | 8975 |
| OBSTETRICS & GYNAECOLOGY | 4791 | 1198 | 5989 |
| OPHTHALMOLOGY | 1227 | 307 | 1534 |
| ORTHOPAEDICS | 4298 | 1075 | 5373 |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 2919 | 730 | 3649 |
| PSYCHIATRY | 1852 | 463 | 2315 |
| PULMONARY, CRITICAL CARE & SLEEP MEDICINE | 893 | 223 | 1116 |
| SURGERY | 4116 | 1029 | 5145 |
| SURGICAL GASTROENTEROLOGY | 233 | 58 | 291 |
| OTHER DEPARTMENT in Midas software (Come for investigation purpose only) | 948 | 237 | 1185 |
| **Sub Total** | **40702** | **10176** | **50878** |
| **EMERGENCY** | | | |
| CENTRAL | 4818 | 0 | 4818 |
| GYNAE /OBSTETRICS | 890 | 0 | 890 |
| PAEDIATRIC | 1531 | 0 | 1531 |
| **Sub Total** | **7239** | 0 | **7239** |
| **Grand Total :** | **50676** | **10859** | **61535** |
| Paying (EHS) | 2929 | | |
| Nepal Govt Social Insurance | 24840 | | |
| Other Scheme | 22907 | | |
| **Ward IPD** | **3353** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | **229** | | |
| *NICU/PICU/MICU/Nursery* | **84** | | |
| *Dialysis* | **1751** | | |

***Source: Hospital Administration***
***Prepared by Information and Communication Center***

## प्रतिष्ठानमा फार्मेसी भवन, Oncology Unit तथा Burn Unit को उद्घाटन समारोह सम्पन्न



प्रतिष्ठानमा नवनिर्मित फार्मेसी भवन, Oncology Unit तथा Burn Unit को माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री एवम् प्रतिष्ठानका सहकुलपति श्री प्रदीप पौडेलज्यूको करकमलबाट २०८१ माघ १० गते, बिहिबारका दिन रिबन काटेर उद्घाटन भएको छ । उक्त उद्घाटन समारोहमा स्वास्थ्य सचिव डा. रोशन पोखरेलज्यू लगायत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधिज्यूहरु, प्रतिष्ठानका तर्फबाट पदाधिकारीज्यूहरु, सिनेटरज्यूहरु, कार्यकारिणी समितिका सदस्यज्यूहरु, डीनज्यूहरु, कलेज / विभागीय प्रमुखहरु, प्राध्यापकहरु, डेपुटी / सहायक अस्पताल निर्देशक / सहायक अस्पताल निर्देशक, सहायक डीनहरु, मेट्रोन, डेपुटी मेट्रोन, सम्पूर्ण प्रोग्राम को-अर्डिनेटरहरु, प्रशासनिक, इन्जिनियरिङ्ग, नर्सिङ्ग शाखा / महाशाखा प्रमुखहरु, प्रतिष्ठानका शिक्षक, चिकित्सक, वार्ड ईन्चार्जहरु लगायत कर्मचारी एवम् विद्यार्थीहरुको उपस्थिति रहेको थियो । त्यसैगरी धरान उपमहानगरपालिकाका मेयरज्यू, उपमेयरज्यू, राजनैतिक दलका प्रतिनिधिहरु, स्थानिय जनप्रतिनिधिहरु, समाजसेवीहरु, बुद्धिजिवीहरु तथा पत्रकारहरुको पनि समारोहमा उल्लेखनीय उपस्थिति रहेको थियो ।

उद्घाटन कार्यक्रम पश्चात् सर्वप्रथम प्रमुख अतिथि एवम् स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यू लगायत अतिथिज्यूहरु तथा पदाधिकारीज्यूहरुबाट भुईतल्लामा रहेको औषधी बिक्री कक्षको स्थलगत अवलोकन गरिएको थियो ।



तत्पश्चात् स्वास्थ्य मन्त्रीज्यू तथा स्वास्थ्य सचिवज्यूले क्रमश: Department of Medicine, Annex-1: Oncology Unit तथा Department of Surgery, Annex-1: Burn, Plastic Surgery and Reconstructive Unit को उद्घाटन गर्नुभएको थियो भने उद्घाटन पश्चात् त्यहाँको स्थलगत अवलोकन पनि गर्नुभएको थियो ।

**हार्दिक अनुरोध**

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरुको Soft copy पठाउँदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं । विशेष कारणबस सेरोफेरोको गत माघ महिनाको अंक समयमा प्रकाशन गर्न नसकिएकोले यहाँहरु समक्ष क्षमाप्रार्थी छौं ।

- सूचना तथा सञ्चार केन्द्र

**Statement of patients flow for the month of Poush 2081**

| OPD | Total Reg | Follow up within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **2859** | **715** | **3574** |
| **SPECIAL OPD** | | | |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 0 | 0 | 0 |
| CARDIOLOGY | 1860 | 465 | 2325 |
| CTVS (CARDIOTHORACIC AND VASCULAR SURGERY) | 249 | 62 | 311 |
| DENTAL | 2333 | 583 | 2916 |
| DERMATOLOGY & VENEROLOGY | 3619 | 905 | 4524 |
| ENT/OTORHINOLARYNGOLOGY AND HEAD & NECK SURGERY | 3098 | 775 | 3873 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1581 | 395 | 1976 |
| INTERNAL MEDICINE | 7078 | 1770 | 8848 |
| OBSTETRICS & GYNAECOLOGY | 4766 | 1192 | 5958 |
| OPHTHALMOLOGY | 1342 | 336 | 1678 |
| ORTHOPAEDICS | 4646 | 1162 | 5808 |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 2995 | 749 | 3744 |
| PSYCHIATRY | 2055 | 514 | 2569 |
| PULMONARY, CRITICAL CARE & SLEEP MEDICINE | 959 | 240 | 1199 |
| SURGERY | 4319 | 1080 | 5399 |
| SURGICAL GASTROENTEROLOGY | 288 | 72 | 360 |
| OTHER DEPARTMENT in Midas software (Come for investigation purpose only) | 881 | 220 | 1101 |
| **Sub Total** | **42069** | **10517** | **52586** |
| **EMERGENCY** | | | |
| CENTRAL | 4776 | 0 | 4776 |
| GYNAE /OBSTETRICS | 864 | 0 | 864 |
| PAEDIATRIC | 1694 | 0 | 1694 |
| **Sub Total** | **7334** | 0 | **7334** |
| **Grand Total :** | **52262** | **11232** | **63494** |
| Paying (EHS) | 2969 | | |
| Nepal Govt Social Insurance | 26400 | | |
| Other Scheme | 22893 | | |
| **Ward IPD** | **3293** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | **204** | | |
| *NICU/PICU/MICU/Nursery* | **117** | | |
| *Dialysis* | **1748** | | |

***Source: Hospital Administration***
***Prepared by Information and Communication Center***

अवलोकन पश्चात् मन्तव्यको कार्यक्रम राखिएको थियो । सो कार्यक्रममा प्रतिष्ठानका उपकुलपति डा. ज्ञानेन्द्र गिरीज्यूले स्वागत मन्तव्य दिँदै प्रतिष्ठानको गरिमा र स्वास्थ्य सेवा अझ प्रभावकारी पार्न एउटा अझ नयाँ कोसेढुंगा थपिएको बताउनु भयो । मन्तव्यको क्रममा धरान उपमहानगपालिकाका मेयर श्री हर्क राज राईज्यूले प्रतिष्ठानका समस्याहरु समाधान गर्न सरकारको ध्यानाकर्षण




गराउँदै प्रतिष्ठानका उपकुलपति डा. ज्ञानेन्द्र गिरी विभिन्न समस्याहरुको सामना गर्दै आफु झै प्रतिष्ठानको विकासमा निर्णय लिन नहिच्किचाउने खालको व्यक्तित्व भएको बताउनु भयो । यसैक्रममा स्वास्थ्य सचिव डा. पोखरेलज्यूले प्रतिष्ठानमा हालको उपकुलपतिज्यूको नेतृत्वमा भएका विभिन्न कार्यहरु अब धरातलमा पनि देखिन थालेको बताउँदै अब प्रतिष्ठानले फार्मेसी सञ्चालन गर्ने र क्यान्सर बिरामीलाई नेपाल सरकारको योजना अनुरुप सेवा उपलब्ध गराउनेछ भनि विश्वास लिएको बताउनु भयो ।



अन्त्यमा, स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूले सो भवन सोचेको भन्दा भव्य र उत्कृष्ट भएको बताउँदै फार्मेसी सेवालाई नेपाल सरकारको परिकल्पना अनुरुप सञ्चालन गर्न निर्देशन दिनुभयो र फार्मेसीमा भएको औषधीहरु एवम् सो को मूल्य तालिका समेत सार्वजनिक गर्ने गरि राख्न अनुरोध गर्नुभएको थियो । नेपालमा स्वास्थ्य जनशक्ति पलायनको अवस्था भएकोले सो लाई निरुत्साहित गर्न स्वास्थ्यकर्मीहरुलाई सहज एवम् तनावरहित वातावरणमा कार्य गर्न दिनु आजको आवश्यकता रहेको बताउनु भयो । साथै, स्वास्थ्यकर्मीहरुलाई सम्मान दिनु र वहाँहरुलाई दिइने विभिन्न सुविधाहरुमा कटौती गर्न नमिल्ने भनि आफ्नो धारणा रहेको बताउनु भयो । यो प्रतिष्ठानमा २ सय जना विद्यार्थी पठन पाठन गर्ने क्षमता भएता पनि सो नभएको र त्यसका लागि नीतिगत संशोधन गर्नुपर्ने जरुरी भएको बताउनु भयो । स्वास्थ्यकर्मीहरुलाई निजामति कर्मचारी ऐन भन्दा स्वास्थ्य सेवा ऐनको खाँचो रहेको पनि वहाँले बताउनु भयो ।



प्रतिष्ठानको लगानीमा निर्मित उक्त भवनमा भुईतल्लामा फार्मेसी सेवा सञ्चालन ल्याइएको छ । पहिलो तल्लामा क्यान्सरका बिरामीहरुको उपचारका लागि २० शैय्याको Oncology वार्ड सञ्चालनमा ल्याइएको छ । विगत केहि वर्षदेखि प्रतिष्ठानको मेडिसिन वार्डमा राखेर क्यान्सर रोगीहरुका उपचार गरिँदै आइएको छ र सो सेवालाई अझ प्रभावकारी र चुस्तदुरुस्त रुपले सञ्चालन गर्न छुट्टै वार्ड सञ्चालनमा ल्याइएको हो ।

त्यसैगरी, दोश्रो तल्लामा विभिन्न कारणले जलेर आएका बिरामीहरुको उपचारका लागि Burn Ward सञ्चालनमा ल्याइने छ । यस अघि प्रतिष्ठानमा जलेर आएका बिरामीहरुलाई जेनेरल सर्जरी विभाग अन्तर्गत बहिरङ्ग तथा अन्तरङ्ग सेवा प्रदान गर्दै आएको भएता पनि उक्त सेवालाई अझ प्रभावकारी र चुस्तदुरुस्त रुपले सञ्चालन गर्न छुट्टै वार्ड सञ्चालनमा ल्याइदैछ ।

नेपाल सरकारले देशको सातै वटा प्रदेशमा एक एक Burn Centre स्थापना गर्ने नीति लिए अनुरुप प्रतिष्ठानले सेवा प्रदान गर्नेछ । नेपाल सरकारको निर्देशन बमोजिम नै २५ शैंय्याको Burn Ward सञ्चालनमा ल्याइए पछि नेपालकै सबैभन्दा ठूलो Burn Centre हुनेछ ।

## प्रतिष्ठानको MSS Score मा बढोत्तरी



देशभरका स्वास्थ्य संस्थाहरुले त्यहाँ उपचार गराउन आउने बिरामीहलाई सहज तथा गुणस्तरिय सेवा प्रदान गरोस् भन्ने उदेश्यले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हरेक वर्ष देशभरिको सबै स्वास्थ्य संस्थाहरुमा गई Minimum Service Standard (MSS) मापन गर्ने गरेको छ । कुनैपनि स्वास्थ्य संस्थाको MSS मापन गर्दा मन्त्रालयबाट खटाइएको टोलीले त्यस स्वास्थ्य संस्थाको स्थलगत निरीक्षण गरी Governance & Management, Clinical Service Management र Support Service Management गरी ३ खण्डहरुमा मूल्यांकन गर्ने गर्दछ । Governance & Management तर्फको मूल्यांकन गर्दा १०९ मानक अंक राखी मापन गर्ने गरिन्छ भने Clinical Service Management तर्फको मूल्यांकन गर्दा ९०९ मानक अंक राखी मापन गर्ने गरिनुका साथै Hospital Support Service Management तर्फको मूल्यांकन गर्दा १४७ मानक अंक राखी मापन गर्ने गरिन्छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट उक्त कार्यका लागि खटिइ आउनु भएको ८ सदस्यीय टोलीमा डा. श्रीराम तिवारी, डा. फनिन्द्र बराल, डा. नीरा पाठक, श्री प्रिया थापा, श्री निलम सिंह, श्री उमा रिजाल, श्री नीरु महोतो र डा. अमृत पोखरेल रहनु भएको थियो । उक्त टोलीले ३ दिनको निरीक्षण पश्चात् मापन गरेको प्रतिष्ठानको MSS मिति २०८१ माघ १० गते प्रतिष्ठानको अडिटोरियममा प्रस्तुतीकरणका माध्यमबाट सार्वजनिक गरेको थियो । सो प्रस्तुती कार्यक्रममा सर्वप्रथम प्रतिष्ठानका अस्पताल निर्देशक डा. जगत नारायण प्रसादले आफ्नो प्रस्तुती दिनु भएको थियो । वहाँले प्रतिष्ठानले भोग्दै आएका विभिन्न समस्या तथा चुनौतीहरुका वाबजुद प्रतिष्ठानले हासिल गरेका उपलब्धीहरुबारे प्रकाश पार्नु भएको थियो । तत्पश्चात् टोलीका तर्फबाट डा. अमृत पोखरेलले प्रतिष्ठानले प्राप्त गरेको MSS Score सम्बन्धी प्रस्तुती दिँदै प्रतिष्ठानले ७५% MSS Score प्राप्त गरेको जानकारी दिनु भयो । प्रतिष्ठानको MSS Score सन् २०२२ मा ५३% र सन् २०२३ मा ६६% थियो भने सन् २०२५ मा ७५% प्राप्त गरेको परिप्रेक्षमा प्रतिष्ठानले दिँदै आएको स्वास्थ्य सेवामा क्रमशः स्तरोन्नती भएको स्पष्ट देखिएको हुँदा प्रतिष्ठान परिवारलाई बधाई तथा धन्यवाद दिनुभयो ।



सन् २०२५ मा प्रतिष्ठानले Governance and Management मा ७८% अंक, Clinical Management मा ७३% अंक र Hospital Support Service Management मा ७६% अंक गरी कुल MSS ७५% प्राप्त गरेको पनि वहाँले जानकारी दिनु भयो ।

प्रतिष्ठानको स्तरोन्नत्तीको यो खबर सुन्दै गर्दा त्यहाँ उपस्थित हुनु भएका अस्पताल निर्देशकज्यू लगायत, स्कूल/विभाग/ महाशाखा/ शाखा प्रमुख, वार्ड इन्चार्ज, शिक्षक, कर्मचारीहरु सम्पूर्णले तालिको गडगडाहट सहित खुशी व्यक्त गर्नु भएको थियो ।

उक्त कार्यक्रमको समापनको घोषणा अस्पताल प्रशासन महाशाखाका डेपुटी मेनेजर श्री अशोक शाहले उपस्थित सम्पूर्णलाई धन्यवाद दिँदै गर्नुभएको थियो ।

## प्रा.डा. शर्मा मित्रराष्ट्र भारतमा सम्मानित




प्रतिष्ठानका शिक्षाध्यक्ष तथा इन्टर्नल मेडिसिन विभागका प्रा.डा. संजिव कुमार शर्माज्यूलाई मित्रराष्ट्र भारतमा सम्मानित गरिएको छ । वहाँलाई भारतको Indian College of Physicians (ICP) ले Honorary Fellowship बाट सम्मानित गरेको हो ।

भारतको कोलकातामा जनवरी २३ देखि २६, २०२५ सम्म सम्पन्न भएको 80th Annual Conference of The Association of Physicians of India (APICON) मा वहाँलाई जनवरी २४ का दिन ICP को दीक्षान्त समारोहमा प्रमाणपत्र सहित उक्त पदकबाट सम्मानित गरिएको हो । वहाँले सो समारोहमा "Chronic Kidney Disease and Migrant Workers" शिर्षकमा प्रस्तुती पनि दिनु भएको थियो । उक्त प्रस्तुतीमा वहाँले वैदेशिक रोजगारीका लागि खाडी मूलुक तथा मलेसिया जस्ता देशहरुमा जाने नेपाली तथा अन्य देशका प्रवासी श्रमिकहरुमा देखिने गरेको स्वास्थ्य समस्याहरु विशेषगरी Chronic Kidney Disease (CKD) का कारणहरु बारे प्रकाश पार्नु भएको थियो । वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हेमोडाइलाइसिसका लागि आउने विरामीहरु मध्ये ३१% विरामीहरु बैदेशिक रोजगारीबाट फर्किएका हुने गरेको बारे वहाँले बताउनु भयो । वहाँले किड्नी रोगको रोकथाम, उपचार तथा निःशुल्क सुविधा, सचेतना फैलाउने कार्य आदिकोत्र बारेमा नेपाल सरकार, वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायत KHDC ले खेल्दै आएको उल्लेखनीय भूमिकाको बारेमा आफ्नो प्रस्तुती मार्फत दर्शाउनु भएको थियो ।

चिकित्सा क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरे वापत भारत तथा अन्य देशका चिकित्सकहरुलाई प्रदान गरिने उक्त पदक ICP Faculty Council को मनोनयन तथा निर्णय बमोजिम प्रदान गर्ने गरिन्छ । यस वर्ष उक्त पदक भारत र नेपाल लगायत स्पेन तथा श्रीलंकाका चिकित्सकहरुलाई पनि प्रदान गरिएको थियो ।

## स्नातक तहका नयाँ विद्यार्थीहरुका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न



प्रतिष्ठानमा अध्ययन अध्यापन हुँदै आएको स्नातक तह तर्फको विभिन्न संकायहरुमा भर्ना हुन आएका २०२५ ब्याचका नयाँ विद्यार्थीहरुका लागि अभिमुखिकरण (Orientation) कार्यक्रम सम्पन्न भएको छ । नयाँ विद्यार्थीहरुलाई प्रतिष्ठान तथा यहाँको शिक्षण प्रणाली लगायत अन्य विविध विषयमा सुसूचित गर्नुका साथै पठन पाठनमा प्रोत्साहित गर्ने उदेश्यले हरेक वर्ष आयोजना गरिने उक्त कार्यक्रम जनवरी ९, १० र १२, २०२५ का दिन सम्पन्न भएको थियो ।

यस वर्ष नयाँ भर्ना हुन आएका एमबीबीएस, बीडीएस, बीएस्सी नर्सिङ्ग, ब्याचलर अफ मिडवाफरी साइन्स, बीएस्सी एमएलटी तथा बीएस्सी एमआईटीका विद्यार्थीहरु, पदाधिकारीज्यूहरु, शिक्षक तथा कर्मचारीहरुको उपस्थितिमा कार्यक्रमको उद्घाटन प्रतिष्ठानको अडिटोरियममा भएको थियो । उक्त कार्यक्रममा उपकुलपति डा. ज्ञानेन्द्र गिरीज्यूले उपस्थित सम्पूर्णलाई स्वागत मन्तव्य दिंदै विद्यार्थीहरुको उज्ज्वल भविष्यको कामना गर्नु भएको थियो भने शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यूले प्रतिष्ठानको दुरगामी दृष्टिकोण, उदेश्य तथा लक्ष्यको बारेमा प्रकाश पार्नु भएको थियो ।

त्यसैगरी अस्पताल निर्देशक डा. जगत नारायण प्रसादज्यूले प्रतिष्ठानले दिदै आएको स्वास्थ्य सेवा तथा महत्व बारे दर्शाउनु भएको थियो भने डीन, शैक्षिक प्रा.डा. शिवेन्द्र झाले सम्बोधन गर्दै प्रतिष्ठानको शैक्षिक स्थिति बारे जानकारी दिनु भएको थियो । तत्पश्चात् डीन, परीक्षा प्रा.डा. कृष्णा पोखरेलले उपस्थित सम्पूर्णलाई धन्यवाद मन्तव्य दिनु भएको थियो ।

मन्तव्यको क्रम पश्चात् पठनपाठन सँग सम्बन्धित विभिन्न विषयहरुमा अडियोटोरियम लगायत प्रतिष्ठानको कलेज अफ डेन्टल सर्जरी, कलेज अफ नर्सिङ्ग, मेडिकल कलेज ब्लक, सेन्ट्रल लाइब्रेरी एकाडेमिक ब्लकमा विद्यार्थीहरुलाई प्रस्तुतीका माध्यमबाट अभिमुखिकरण गराउने कार्यक्रमको आयोजना गरिएको थियो । यस क्रममा फरेन्सिक मेडिसिन विभागका डा. अभिषेक कर्णले Cosmic Thoughts, Religious Science and Medicine शिर्षकमा, एमबीबीएस कार्यक्रम फेज १ संयोजक डा. लक्ष्मण खनाल तथा सह-संयोजक डा. शितल गुप्ताले Highlights of Phase-I Program, MBBS शिर्षकमा, फेज २ संयोजक डा. श्याम काफ्ले तथा इन्टर्नशिप संयोजक प्रा.डा. संयोग उप्रेतीले Highlights of Phase-II Program, MBBS शिर्षकमा, बीडीएस कार्यक्रम फेज १ संयोजक डा. विशाल बाबु बस्नेतले Highlights of Phase-I Program, BDS शिर्षकमा तथा फेज २ संयोजक डा. इच्छा कुमार महर्जनले Highlights of Phase-II Program, BDS शिर्षकमा प्रस्तुती दिनु भएको थियो । त्यसैगरी, साइकियाट्री विभागका डा. संजिव मिश्रले Communication Skills शिर्षकमा, डीन, परीक्षा प्रा.डा. कृष्णा पोखरेल तथा सहायक डीन डा. धन केशर खड्काले Examination System of BPKIHS शिर्षकमा, प्रमुख होस्टेल वार्डेन प्रा.डा. शमशेर श्रेष्ठ तथा वार्डेनहरु डा. समिर चौधरी, श्री सपना श्रेष्ठ, डा. प्रिजा सुवेदीले Hostel Rules and Regulations शिर्षकमा, विद्यार्थी प्रतिनिधी सुबिन कुमार साहले Students Affairs/Extracurricular Activities शिर्षकमा, पिबिएल संयोजक डा. विजय खनाल तथा सह संयोजक डा. प्रतिमा शाहले Introduction to Problem Based Learning शिर्षकमा, फरेन्सिक मेडिसिन विभागका डा. विकास साहले Ethics in Medical Practice शिर्षकमा, हेल्थ प्रोफेसन्स एजुकेशन कोर ग्रुपकी प्रमुख प्रा.डा. अन्जु प्रधानले Approach to Learning and Learning Skills: Innovations in Learning Tools, Technology and Resources शिर्षकमा, साइकियाट्री विभाग प्रमुख प्रा.डा. धनरत्न शाक्यले Stress Assessment and Coping शिर्षकमा र स्कूल अफ पब्लिक हेल्थ एण्ड कम्यूनिटी मेडिसिन विभागका प्रा.डा. सुमन बहादुर सिंहले Health Care Delivery System of Nepal शिर्षकमा प्रस्तुती दिनु भएको थियो । प्रस्तुतीकै क्रममा चिफ लाइब्रेरियन श्री विनोद कुमार यादव तथा लाइब्रेरियन नीला तामाङ्गले Use of Library शिर्षकमा तीन चरणमा अभिमुखिकरण गराउनु भएको थियो ।

प्रतिष्ठानको शैक्षिक महाशाखाका अनुसार यस शैक्षिक सत्रमा प्रतिष्ठानमा स्नातक तहको सबै संकायमा गरी भर्ना हुन आएका विद्यार्थीहरुको जम्मा संख्या २४० रहेको छ । जसमध्ये एमबीबीएस तर्फ १०० जना, बीडीएस तर्फ ४९ जना, वी.एस्सी. नर्सिङ्ग तर्फ ५० जना, बीएमएस तर्फ ११ जना, बीएस्सी एमएलटी तर्फ २० जना र बीएस्सी एमआइटी तर्फ १० जना भर्ना भएका छन् ।

## प्रतिष्ठानमा IBRO Diversity Program Nepal, ThinkForge – 2024 सम्पन्न

प्रतिष्ठानको आयोजना, एनाटोमी विभागको तत्वावधान तथा International Brain Research Organization (IBRO) को सहयोगमा IBRO Diversity Program Nepal. ThinkForge – 2024 सम्पन्न भएको छ । तीन दिन सम्म चलेको उक्त कार्यक्रम अन्तर्गत प्रतिष्ठानको न्यू एकेडेमिक

ब्लक लेक्चर थिएटर २ मा नोभेम्बर २१ र २२ मा "Systematic Review and Meta-analysis" शिर्षकको कार्यशाला गोष्ठी सम्पन्न भएको थियो भने नोभेम्बर २३ मा अडिटोरियममा अन्तर्राष्ट्रिय स्तरको Symposium सम्पन्न भएको थियो । विद्यार्थीहरुलाई केन्द्रित गरि सम्पन्न भएको उक्त कार्यशाला गोष्ठीमा ६५ जना विद्यार्थीहरुको सहभागिता रहेको थियो ।



गोष्ठीको पहिलो दिनको पहिलो सत्रमा Foundation of Evidence-based Research विषयमा प्रस्तुतीहरु भएका थिए । उक्त दिन मेडिकल रिसर्च हबका संस्थापक डा. अभिगन बाबु श्रेष्ठले Hierarchy of Evidence: Understanding the Evidence Based Pyramid, Systematic Reviews and Meta-analysis: An Introduction तथा Significance of Systematic Reviews and Meta-analysis in Research शिर्षकमा प्रस्तुती दिनु भएको थियो भने प्रतिष्ठानको एनाटोमी विभागका एडिसनल प्रोफेसर डा. लक्ष्मण खनालले Search Strategy for Systematic Review and Meta-analysis शिर्षकमा Keynote Address गर्नुभएको थियो । त्यसका साथै, गोष्ठीको दोश्रो सत्रमा डा. श्रेष्ठले Methodological Guidelines for Conducting Meta-analysis, Overview of the PRISMA (Preferred Reporting Items for Systematic Reviews and Meta-analysis) Guidelines तथा Application of the PRISMA Checklist for Reporting Research शिर्षकमा प्रस्तुती दिनु भएको थियो ।

त्यसैगरी, गोष्ठीको दोश्रो दिन Advancing Skills in Scientific Research and Publication विषयमा प्रस्तुतीहरु भएका थिए । उक्त दिन डा. श्रेष्ठले Strategies for Conducting Effective Searches on PubMed, Exporting References and Managing Citations Using Citation Management Tools, Identification and Elimination of Duplicate Records, Screening Process: Title and Abstract Screening for Relevant Literature, Comprehensive Full-text Screening Methods, Quality Assessment of Studies Using the Newcastle-Ottawa Scale तथा Developing and Structuring a Manuscript शिर्षकमा प्रस्तुती दिनु भएको थियो । तत्पश्चात् प्रतिष्ठानको कन्जर्भेटिभ डेन्टिष्ट्री विभागका एडिसनल प्रोफेसर डा. अशोक ऐरले Scientific Publications शिर्षकमा Keynote Address गर्नुभएको थियो । गोष्ठीको अन्त्यमा सहभागीहरुलाई प्रमाणपत्र तथा मायाको चिनो स्वरुप उपहार प्रदान गरिएको थियो ।




कार्यक्रमको अन्तिम दिन अन्तर्राष्ट्रिय स्तरको Symposium को आयोजना गरिएको थियो । Promoting Diversity Equity Justice and Inclusion in Medical Research: Nepal's Perspective शिर्षक रहेको उक्त Symposium मा प्रतिष्ठान लगायत नोबेल मेडिकल कलेज, विराट मेडिकल कलेज, पूर्वाञ्चल विश्वविद्यालय, जानकी मेडिकल कलेजका साथै विदेशबाट समेत गरी १ सय १० भन्दा बढीको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटन प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्मा, एनाटोमी विभागका प्रमुख तथा कार्यक्रमका अयोजक अध्यक्ष प्रा.डा. शमशेर श्रेष्ठ तथा आयोजक सचिव डा. संदिप शाहले संयुक्त रुपमा पानसमा बत्ती बालेर गर्नुभएको थियो ।

कार्यक्रमको प्रारम्भमा प्रतिष्ठानको डर्माटोलोजी एण्ड भेनेरोलोजी विभागकी प्रमुख प्रा.डा. सुधा अग्रवालले From Awareness to Action: Building a Diverse and Inclusive Dermatology in Nepal शिर्षकमा प्रस्तुती दिनु भएको थियो । तत्पश्चात् भारतको नयाँ दिल्ली स्थित एम्स अस्पतालका Dr. Tony George Jacob ले The Neuron at the Centre of all Thought and Action शिर्षकमा प्रस्तुती दिनु भएको थियो । उक्त प्रस्तुती पश्चात् प्रा.डा. सुधा अग्रवाल, डा. टोनी जर्ज ज्याकोब, नोबेल मेडिकल कलेजका न्यूरोसर्जन डा. प्रकाश काफ्ले तथा फिजियोलोजी विभागकी प्रा.डा. रिता खड्काको सहभागितामा प्यानल डिस्कसन गरिएको थियो जसको मध्यस्थता एनाटोमी विभागकी डा. प्रेशा बरालले गर्नु भएको थियो ।

प्यालन डिस्कसन पश्चात् डा. काफ्लेले Where Does Nepal Stand in Neurosurgical Services? Challenges and Way Forward शिर्षकमा प्रस्तुती दिनु भएको थियो । त्यसैगरी, टर्की स्थित ओण्डोकुज मायीस विश्वविद्यालयका डा. सुलेमान कप्लनले Neurostereology in Neuroscience Research शिर्षकमा प्रस्तुती दिनु भएको थियो भने अमेरिका स्थित ड्यूक विश्वविद्यालयकी डा. मेलानी थोमसले Importance of Diversity and Inclusion in Clinical Medical Research and Health Equity शिर्षकमा प्रस्तुती दिनु भएको थियो ।

उक्त प्रस्तुती पश्चात् डा. मेलानी, डा. सुलेमान डा. अशोक ऐर तथा एनेस्थेसीयोलोजी विभागका डा. सबिन भण्डारीको सहभागितामा प्यानल डिस्कसन गरिएको थियो जसको मध्यस्थता फरेन्सिक मेडिसिन विभागका डा. अभिषेक कर्णले गर्नु भएको थियो ।

कार्यक्मका सहभागिहरुलाई प्रमाणपत्र तथा मायाको चिनो स्वरुप उपहार प्रदान गरिएको थियो । कार्यक्मको अन्त्यमा आयोजक सचिव शाहले उपस्थित सम्पूर्णलाई धन्यवाद मन्तव्य दिनु भएको थियो । तीन दिने उक्त कार्यक्मका सहभागीहरुले कार्यक्म अत्यन्तै फलदायी रहेको प्रतिक्रिया दिएका थिए ।

## करदाता शिक्षामूलक छलफल तथा अन्तर्किया कार्यक्म सम्पन्न




प्रतिष्ठानको समन्वय तथा आन्तरिक राजस्व कार्यालय, धरानको आयोजनामा करदाता शिक्षामूलक छलफल तथा अन्तर्किया कार्यक्म २०८१ फाल्गुण ४ गते आइतवारका दिन प्रतिष्ठानको अडिटोरियममा सम्पन्न भएको छ । उक्त कार्यक्ममा प्रतिष्ठानका तर्फबाट रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यू लगायत शिक्षक तथा कर्मचारीहरुको सहभागिता रहेको तथा आन्तरिक राजस्व कार्यालय, धरानका प्रमुख श्री बुद्धि प्रसाद आचार्य लगायत अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो । "स्वस्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासन; सामाजिक न्याय, आर्थिक समृद्धि र सुशासन" नारा रहेको उक्त कार्यक्ममा मूलत: "भुक्तानी करकट्टी तथा डे ०४ आय विवरण" विषयमा छलफल भएको थियो ।

कार्यक्मको प्रारम्भमा शिक्षक कल्याण समाजका अध्यक्ष डा. सेराज अहमद खानले कार्यक्ममा उपस्थित सम्पुर्णलाई स्वागत मन्तव्य दिनु भएको थियो भने आन्तरिक राजस्व कार्यालय धरानका कर्मचारी श्री गोविन्द प्रसाद पौडेलले उपरोक्त विषयमा प्रस्तुती दिनु भएको थियो । उक्त प्रस्तुतीमा वार्षिक रोजगारीको आय ४० लाख भन्दा बढी भएमा अनिवार्य रुपमा डे ०४ आय विवरण पेश गर्नु पर्ने प्रष्ट पार्दै सो विवरण पेश गर्ने प्रविधि तथा तरिका बारे श्री पौडेलले जानकारी दिनु भएको थियो । त्यसका साथै, कुल आय गणना, कर गणना र करयोग्य आय गणनाको बारेमा समेत वहाँले जानकारी दिनुभएको थियो । उक्त प्रस्तुती पश्चात् उपस्थित शिक्षक, चिकित्सक, कर्मचारीहरुले आ-आफ्नो जिज्ञासा समेत रोखका थिए र सोको जवाफ राजस्व कार्यालय धरानका प्रमुख श्री आचार्यले दिनु भएको थियो ।

सम्पूर्ण छलफल तथा अन्तर्कियाबाट प्राप्त जानाकारी अनुसार उक्त डे ०४ आय विवरण पेश गर्नु पर्ने प्रावधान आर्थिक वर्ष २०७२ / ०७३ देखि नै लागु भएको हो । कुनै कारणवश उक्त आर्थिक वर्ष देखि कसैले डे ०४ आय विवरण पेश गर्न छुटी कर नतिरेको भएमा त्यस्ता व्यक्तिहरुका लागि नेपाल सरकारले २०८१ फाल्गुण मसान्तसम्मका लागि सु-अवसर प्रदान गरेको छ । जस अनुसार उक्त समय भित्र कर तिरेमा जरिवाना तथा विलम्ब शुल्क तिर्नु नपर्ने र ब्याज वापत लाग्ने शुल्कमा ७५% छुट हुनेछ ।



प्रतिष्ठानमा कार्यरत शिक्षक, चिकित्सक एवम् कर्मचारीहरु मध्ये वार्षिक रोजगारीको आय ४० लाख भन्दा बढि भएकाहरुले अनिवार्य रुपमा आगामी फाल्गुण मसान्त सम्म डे ०४ आय विवरण पेश गर्नुपर्ने भएकोले सो कार्यका लागि प्रतिष्ठानले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै प्रतिष्ठानका आर्थिक प्रशासन महाशाखा प्रमुख श्री अमित कौडगियाले कार्यक्म समापनको घोषणा गर्नु भएको थियो ।

## मृगौला रोग सम्बन्धी CME कार्यक्रम सम्पन्न



प्रतिष्ठान तथा नेपाल सोसाइटी अफ नेफ्रोलोजी, काठमाण्डौको संयुक्त आयोजनामा २०८१ पौष १२ गते प्रतिष्ठानको अडिटोरियममा "Prevention of Kidney Diseases" शिर्षकमा राष्ट्रिय स्तरको एक दिने Continue Medical Education (CME) कार्यक्रम सम्पन्न भएको छ । दिनानुदिन फैलदै गएको मृगौला रोग र सो को उपचारको विविध आयाम बारे केन्द्रित उक्त कार्यक्ममा प्रतिष्ठानका तर्फबाट शिक्षक, चिकित्सक, विद्यार्थीहरुको सहभागिता रहेको थियो भने प्रतिष्ठान बाहिर विराटनगरबाट कोशी अस्पताल, विराट मेडिकल कलेज, नोबेल मेडिकल कलेज तथा काठमाण्डौबाट त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका मृगौला रोग विषेशज्ञहरु गरी १ सय ६८ जनाको सहभागिता रहेको थियो । कार्यक्मको उद्घाटन प्रमुख अतिथि तथा नेपाल सोसाइटी अफ नेफ्रोलोजीकी सभापति प्रा.डा. दिव्या सिंह शाहाले पानसमा बत्ती बालेर गर्नु भएको थियो भने स्वागत मन्तव्य कार्यक्मका संयोजक प्रतिष्ठानको एनाटोमी विभागका प्रा.डा. सरुन कोइरालाले दिनु भएको थियो ।

उक्त CME को वक्ताहरुमा प्रतिष्ठानका तर्फबाट शिक्षाध्यक्ष तथा मृगौला रोग विषेशज्ञ प्रा.डा. संजिव कुमार शर्माज्यूका साथै एनेस्थेसियोलोजी विभागका एसिस्टेन्ट प्रोफेसर तथा आइसियू संयोजक डा. सबिन भण्डारी हुनुहुन्थ्यो भने त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको इन्टर्नल मेडिसिन (नेफ्रोलोजी) विभागका एसिस्टेन्ट प्रोफेसर तथा नेपाल सोसाइटी अफ

नेफ्रोलोजीका उप-सचिव डा. मुकुन्द प्रसाद काफ्ले हुनुहुन्थ्यो ।

कार्यक्रममा प्रा.डा. शर्माले "AKI detection using risk score and outcome" शिर्षकमा संभाषण दिनु भएको थियो । त्यसैगरी, डा. काफ्लेले "Role of primary care physicians in prevention of chronic kidney diseases" शिर्षकमा संभाषण दिनुभएको थियो भने डा. भण्डारीले "AKI in critically ill patients – prevention is better than cure" शिर्षकमा संभाषण दिनु भएको थियो । कार्यक्रमको अन्त्यमा प्रमुख अतिथि प्रा.डा. शाहाले धन्यवाद मन्तव्य दिनु भएको थियो भने सम्पूर्ण सहभागीहरुलाई शिक्षाध्यक्ष प्रा.डा. शर्मा, प्रा. शाहा तथा डा. काफ्लेबाट प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रमका सहभागीहरुले कार्यक्रम अत्यन्तै फलदायी रहेको प्रतिकिया दिएका थिए ।

## कलेज अफ नर्सिङ्गमा एक दिने कार्यशाला गोष्ठी सम्पन्न



प्रतिष्ठानको कलेज अफ नर्सिङ्ग अन्तर्गत चाइल्ड हेल्थ नर्सिङ्ग विभागको तत्वावधानमा मिति २०८१ माघ ३ गते कलेजको सेमिनार हलमा “Enhancing the Quality of Nursing Education” शिर्षकमा एक दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

एमएस्सी नर्सिङ्गको पाठ्यक्रम अनुरुप हुने गरेको यस प्रकारको गोष्ठी यस पटक एमएस्सी नर्सिङ्ग दोश्रो वर्ष (२०२३ ब्याच) का विद्यार्थीहरुको आयोजनामा भएको थियो । उक्त गोष्ठीमा प्रतिष्ठानमा बीएस्सी नर्सिङ्ग चौथो वर्ष (२०२१ ब्याच) का विद्यार्थीहरुलाई सहभागी गराइएको थियो ।

राष्ट्रिय गान तथा प्रतिष्ठान गानबाट शुरु भएको उक्त गोष्ठीको उद्घाटन प्रमुख अतिथि तथा प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यूले पानसमा बत्ती बालेर गर्नु भएको थियो । उक्त उद्घाटन सत्रमा डीन, शैक्षिक प्रा.डा.शिवेन्द्र झा, डीन, परीक्षा प्रा.डा. कृष्णा पोखरेल, चिफ, कलेज अफ नर्सिङ्ग प्रा. रमानन्द चौधरी, मेट्रोन श्री कला थापा, चाइल्ड हेल्थ नर्सिङ्ग विभागका प्रमुख तथा उक्त गोष्ठीका अध्यक्ष प्रा. उपेन्द्र यादव, कलेज अफ नर्सिङ्गका विभागीय प्रमुखहरु, शिक्षकहरु, कर्मचारीहरु लगायत विद्यार्थीहरुको उपस्थिती रहेको थियो ।




उद्घाटन पश्चात् आयोजक ब्याचकी विद्यार्थी श्री लता राजवंशीले स्वागत मन्तव्य दिनु भएको थियो भने श्री बिनिता कुटु तथा श्री रोशनी भट्टराईले गोष्ठीको उदेश्य र महत्व बारे प्रकाश पार्नु भएको थियो । तत्पश्चात् मन्तव्यको कम शुरु भएको थियो । सो क्रममा शिक्षाध्यक्ष प्रा.डा. शर्माले उक्त गोष्ठीले विद्यार्थीहरुको क्षमता र दृष्टिकोणलाई अझ बलियो बनाउने विश्वास लिएको बताउनु भयो । साथै, यस्ता कार्यक्रमले विद्यार्थीहरुलाई वास्तविक चुनौतिहरुको सामना गर्न तयार पार्ने अनुभव रहेको बताएर विद्यार्थीहरुलाई प्रोत्साहित गर्दै वहाँले आयोजक विद्यार्थीहरुलाई धन्यवाद सहित कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्नु भयो । मन्तव्यकै क्रममा प्रा. चौधरी, प्रा.डा. पोखरेल, प्रा.डा. झा, प्रा. यादवले आ-आफ्नो मन्तव्य राख्दै कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

उक्त उद्घाटन सत्रलाई आयोजक ब्याचकी विद्यार्थी श्री ज्योती गौतमले धन्यवाद मन्तव्य सहित कार्यक्रम समापन भएको थियो ।

उद्घाटन सत्र पश्चात् साइन्टिफिक सेसन नाम दिइएको दोश्रो सत्रमा आयोजक विद्यार्थीहरुको प्रस्तुती, कलेज अफ नर्सिङ्गका विज्ञहरुको प्यानल डिस्कसन तथा सहभागी विद्यार्थीहरुको ग्रुप वर्कको कार्यक्रम राखिएको थियो । विभिन्न विश्वविद्यालयहरुले नर्सिङ्ग शिक्षा सम्बन्धी प्रयोग गर्ने पाठ्यक्रम, सो को पठनपाठन विधि तथा प्रयोग हुने साधनहरुका साथै मूल्यांकनका विधिहरुका बारेमा आयोजक विद्यार्थीहरुका तर्फबाट प्रस्तुती दिइएको थियो । उक्त प्रस्तुतीले नेपालका विभिन्न विश्वविद्यालयले नर्सिङ्ग शिक्षाको गुणस्तर वृद्धि गर्न अपनाएका दृष्टिकोणहरुको विविधतामा तुलनात्मक अन्तर्दृष्टी प्रदान गरेको थियो ।

उक्त प्रस्तुती पश्चात् भएको प्यानल डिस्कसनमा प्रा.डा. रामशरण मेहता, प्रा.डा. तारा शाह, प्रा. बसन्त कुमार कर्ण, एडिसनल प्रोफेसर निर्मला प्रधान र एसोसिएट प्रोफेसर कृति चौधरीको सहभागिता रहेको थियो भने एसोसिएट प्रोफेसर इरिना श्रेष्ठले उक्त डिस्कसनलाई सहजिकरण गर्नु भएको थियो । प्यानलका सदस्यहरुले नर्सिङ्ग शिक्षाका प्रमुख चुनौतिहरुको पहिचान गर्दै ती चुनौतिहरुलाई सम्बोधन गर्न व्यवहारिक समाधानहरु प्रस्ताव गर्नुभएको थियो ।




तत्पश्चात् बीएस्सी नर्सिङ्ग चौथो वर्षका सहभागी विद्यार्थीहरुलाई ४ वटा समुहमा विभाजन गरी ग्रुप डिस्कसन गरिएको थियो । एसोसिएट प्रोफेसर रम्भा सिग्देल, एसोसिएट प्रोफेसर रिता पोखरेल, एसोसिएट प्रोफेसर इरिना श्रेष्ठ तथा सिनियर नर्सिङ्ग अफिसर बेदुका पुलामीलाई प्रत्येक समुहका लागि क्रमश: सहजकर्ताको रुपमा तोकिएको थियो । वहाँहरुले नर्सिङ्ग शिक्षाको गुणस्तरमा असर पार्ने विभिन्न समस्याहरुमाथि

प्रकाश पार्नु भएको थियो भने सहभागी चारै समुहका विद्यार्थीहरुले समस्याहरु सामाधानका लागि आफ्नो अपेक्षाहरु पनि प्रस्तुत गर्नुभएको थियो । ग्रुप डिस्कसनको समग्र निष्कर्सबारे सहभागी विद्यार्थी श्री अञ्जनी यादवले प्रस्तुती दिनुभएको थियो । तत्पश्चात् सहभागिहरुबाट गोष्ठीको बारेमा प्रतिकिया लिइएको थियो । गोष्ठी अत्यन्तै जानकारीमूलक र फलदायी रहेको सहभागिहरुले बताएका थिए ।



कार्यक्रमको अन्त्यमा श्री उषा रिमालले उपस्थित सम्पूर्णलाई धन्यवाद मन्तव्य दिनु भएको थियो भने कार्यक्रमका अध्यक्ष प्रा. यादवले सहभागिहरुलाई प्रमाणपत्र तथा मायाको चिनो प्रदान गर्नुभएको थियो । उपस्थित सम्पूर्णलाई धन्यवाद दिँदै वहाँले कार्यक्रमको समापन गर्नु भएको थियो ।

## प्रतिष्ठानमा १८.६ किलोको ट्यूमर निकालियो

प्रतिष्ठानमा एक महिलाको डिम्बासयबाट १८.६ किलो वजन तथा ५० से.मी. आकारको ट्यूमर शल्यक्रिया गरि सफलतापूर्वक निकालिएको छ । हाल मोरङ्ग जिल्लामा बसोबास गर्दै आएकी ३९ वर्षिय ती महिलाको २०८१ असोज २२ गते उक्त शल्यक्रिया प्रतिष्ठानको गाइनोकोलोजी एण्ड अब्स्टेट्रिक्स विभागका एसोसिएट प्रोफेसर तथा गाइनो-अन्कोलोजी सर्जन डा. रमेश श्रेष्ठको नेतृत्वमा भएको हो ।

सामान्यतया डिम्बाशयको ट्यूमर भन्नाले महिलाहरुमा प्रजनन् अङ्गको रुपमा रहेको डिम्बाशय (Ovary) को कोषिका अनियन्त्रित रुपमा बढ्दै जानु हो । महिलाहरुमा सामान्यतया यो डिम्बाशय पाठेघरको माथिल्लो भागको दाँया र बाँया दुवै भागमा टाँसिएर रहेको अवस्थामा हुन्छ । डिम्बाशयको ट्यूमर प्राय क्यान्सर रहित अवस्था (Benign), क्यान्सर हुनसक्ने अवस्था (Borderline) र क्यान्सर भएको अवस्था (Malignant) का हुन्छन् । बिरामीको स्वास्थ्य समस्या बारे जानकारी (History), प्रत्यक्षरुपमा जाँचबुझ (Clinical Examination), रगतको परिक्षण (Tumor Markers), Ultrasound र CT Scan जस्ता रेडियोलोजीकल परिक्षणहरुबाट ट्युमरको अवस्था बारे पत्ता लगाई त्यसको शल्यक्रियाको जटिलता बारे अनुमान गर्ने गरिन्छ ।



चार महिना देखि हिड्डुल गर्न, खान र श्वास प्रश्वासमा कठिनाई भोग्दै आएकी तथा आर्थिक स्थित नाजुक भएकी ती महिला आफ्नो उपचारको लागि विराटनगर, भरतपुर लगायत पोखरासम्म पुगेकी थिइन । तर आर्थिक अभावका साथै शल्यक्रियाको जटिलताका कारणले उनको शल्यक्रिया हुन नसकेकोले अन्त्यमा उपचारको आशा बोकी यस प्रतिष्ठानमा आएको कुरा निजको श्रीमान्ले बताए । निज महिलाको आर्थिक अवस्थालाई मध्यनजर गर्दै विभागीय प्रमुख प्रा.डा. अचला ठाकुरको सिफारिशमा प्रतिष्ठानले सबै परिक्षणहरु, बेड चार्ज तथा शल्यक्रियाको निःशुल्क व्यवस्था गरेको थियो ।

